# द्वन्द्वउप्रान्त नव-लोकतान्त्रिक मुलुक नेपालको शान्ति प्रक्रियाः चुनौति तथा सम्बोधनका उपायहरु[1]

**शोभाकर बुढाथोकी**[२]

## पृष्ठभूमि

संविधानसभाको दोस्रो निर्वाचनसंगै देशमा जारी शान्ति प्रक्रियाको यात्रा नयाँ चरणमा प्रवेश गरेको छ । दीगो शान्तिको परिकल्पना र न्यायपूर्ण समाजको निर्माणको प्रतिवद्धता गर्ने राजनीतिक शक्तिहरुमा देशमा बिद्यमान अस्थिरता र अन्यौलताको अन्त्य एकातिर गर्नुपर्नेछ भने अर्कोतिर जनआन्दोलन-२ र शान्ति प्रक्रियाका उपलब्धीहरुलाई संस्थागत गर्नुपर्ने जिम्मेवारी पनि थपिएको छ । तथापि राजनीतिक शक्तिहरुमा देखिएको विग्रह, विचलन, अस्वस्थ प्रतिष्पर्धा र दलहरुमा बिद्यमान आन्तरिक तथा बाह्य ध्रुवीकरणले आम नागरिकको शान्तिपूर्ण तथा न्यायपूर्ण समाज निर्माणको आकांक्षा संकटमा पर्ने देखिएको छ भने देशमा द्वन्द्व पुनः भड्कनसक्ने खतराहरु पनि टड्कारो रुपमा देखिन थालेका छन् । तसर्थ, देशमा शान्ति प्रक्रियाको अन्तिम लक्ष दीगो एवम् न्यायपूर्ण शान्तिका दीर्घकालिन आधारहरुको तयारीका लागि सहमती र सहकार्यको आवश्यकता अपरिहार्य हुन गएको छ ।

नेपालमा शान्ति प्रक्रियाले आफ्नो यात्राका शुरुदेखि नै व्यापक उतार-चढावको सामना गर्नुपरेको छ । शाही शासनको दमनबाट प्रताडित प्रजातन्त्रको पुर्नस्थापनामा विफल संसदवादी सात राजनीतिक दलहरु र सशस्त्र संघर्षबाट राज्यसत्ता कब्जाको प्रयासमा असफल तत्कालिन ने.क.पा. (माओवादी) का वीचमा आवश्यकता र बाध्यताका वीचमा अगाडी बढेको सहकार्यको आधार संविधानसभाको पहिलो निर्वाचनसंगै भत्कीन पुगेको थियो । विभिन्न आरोह-अवरोहका वीचमा प्रारम्भ भएको शान्ति सम्झौतामा उल्लेखित राजनीतिक पक्षहरुको तत्काल कार्यान्वयन गरिएपनि दीगो शान्ति तथा न्यायसंग सम्बन्धित सवालहरु विशेषतः द्वन्द्व पीडितहरुलाई राहत, न्याय र परिपूरणका जस्ता शान्ति प्रक्रियाका मूलभूत पक्षहरुमा भएको दलीय राजनीति तथा ध्रुवीकरणका कारण कार्यान्वयनको पक्ष फितलो हुन गएको छ । तथापि पछिल्लो चरणमा संविधान निर्माण कार्य र शान्ति प्रक्रियालाई राजनीतिक दलहरुबाट व्यक्तिगत तथा समूहगत हीतका लागि सौदावाजीको माध्यम बनाइएका कारण एकातिर शान्ति प्रक्रियाले ठोस आकार लिन सकेको छैन् भने अर्कोतिर संविधान निर्माण कार्यमा बिद्यमान अन्यौलता निरन्तर जारी छ । शान्ति प्रक्रियाको अभिन्न अङग मानिएको संविधान निर्माण कार्य संकटमा परेको पृष्ठभूमिमा समेत शान्ति प्रक्रियासंग सम्बन्धित सवालहरु विशेषतः माओवादी पूर्वलडाकुहरुको व्यवस्थापनका सवालमा केही हदसम्म प्रगति भएको मान्नुपर्छ । दुर्भाग्य, द्वन्द्व पीडितहरुका लागि न्यायको सुनिश्चितताका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता नागरिक छानविन आयोग सम्बन्धी गठनको प्रक्रिया आजसम्म पनि अन्यौलग्रस्त छ ।

अन्तर्राष्ट्रिय रुपमा स्थापित मान्यता अनुसार शान्ति प्रक्रियालाई राजनीतिक प्रक्रियाको अभिन्न अङगका रुपमा लिने गरिन्छ भने शान्ति प्रक्रियाको सफलता शान्ति सम्झौता तथा समझदारीहरुको कार्यान्वयनका साथमा

---

[1] यो कार्यपत्र जनवरी ५, २०१४मा आयोजित गोष्ठिमा प्रस्तुत गरिएको थियो । यस गोष्ठिका लागी दि एशिया फाउण्डेशनले सहयोग प्रदान गरेको थियो ।

[2] लेखक द्वन्द्व समाधान, शान्तिनिर्माण, सुरक्षा विश्लेषण, कानुनी शासन, मानवअधिकार, इत्यादीका क्षेत्रमा सक्रिय रुपमा कार्यरत हुनुहुन्छ ।

न्याय, सुरक्षा र कानुनी शासनको सुनिश्चितता एवम् पहुँचमा निर्भर रहने गर्दछ । कारणवश राजनीतिक प्रक्रिया तरल, अनिर्णित र अस्थिर हुन गएमा त्यसको मार शान्ति प्रक्रियाले वेहोर्नुपर्ने हुन्छ । साथै, शान्ति प्रक्रिया न्यायोचित रुपमा अगाडी बढ्न नसकेमा राजनीतिक अस्थिरता बढ्दै जान्छ र नागरिक सुरक्षा तथा कानुनी शासनमा चुनौतिहरु थपिने क्रममा पनि बृद्धि हुन्छ ।

विश्वका सामू मौलिक शान्ति प्रक्रियाको रुपमा दावी गरिएको र अन्तर्राष्ट्रिय रुपमा समर्थन तथा सद्भाव रहेपनि कुनै पनि तहको प्रत्यक्ष मध्यस्थता विना शान्ति सम्झौतामार्फत् उच्च चापको सशस्त्र द्वन्द्वको अन्त्य भएपनि व्यावहारमा आम नागरिकको दीगो शान्तिको आकांक्षा यथार्थमा रुपान्तरण हुन सकेको छैन् । एकातिर द्वन्द्वसंग सम्बन्धित कारकहरुको सम्बोधन हुन सकेको छैन् भने अर्कोतिर शान्ति सम्झौतामा उल्लेखित महत्वपूर्ण प्रावधानहरुको कार्यान्वयन विलखवन्दमा परेको छ । राजनीतिक शक्तिहरुको दलीय तथा व्यक्तिगत चपेटामा परेको नेपालको शान्ति प्रक्रिया नेतृत्व क्षमताको कमजोरी तथा उनिहरुमा इच्छाशक्तिको अभाव र सम्झौतामा उल्लेखित प्रावधानहरुको मनोमालिन्य ढङगबाट हुने गरेको व्याख्याले विश्वासको संकटको दायरा फराकिलो हुँदै शान्ति सम्झौता वेवारिसेको अवस्थामा पुगेको छ ।

शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष संविधान निर्माण प्रक्रियामा देखिएको अन्यौलताले आम नेपालीलाई थप निरास बनाएको छ । छिमकी मित्र-राष्ट्रहरु तथा अन्तर्राष्ट्रिय रुपमा पश्चिमा मुलुकहरुको प्राथमिकताभन्दा विस्तारै वाहीर पर्न थालेको नेपालको शान्ति प्रक्रिया राजनीतिक दलहरुका वीचमा बढ्दो अविश्वास, सत्ता संघर्षको प्रतिष्पर्धा र दलीय खिचातानीका कारण जोखिममा परेको छ । फलतः देशको जारी शान्ति प्रक्रियाको सफल कार्यान्वयन तथा सहज अवतरण र संविधान निर्माणको प्रयासमाथि गम्भीर जटीलताहरु सृजना भएका छन् । तसर्थ नव-लोकतान्त्रिक मुलुक नेपालका राजनीतिक शक्तिहरु राष्ट्रिय तहमा हासील गरिएको शान्ति प्रक्रियाको उपलब्धीलाई संस्थागत गर्नका लागि द्वन्द्वसंग सम्बन्धित कारक तत्वहरु र यसबाट सृजित परिणामहरुको पहिचान तथा उचित रुपमा तीनको सम्बोधनका सवालमा संवेदनशिल र जिम्मेवारपूर्ण हुनुपर्ने भएको छ । यसर्थ शान्ति प्रक्रियालाई सहीरुपमा निष्कर्षमा पुऱ्याउन र संविधान निर्माण कार्यलाई सहज बनाउन राजनीतिक दलहरुका अलावा अन्य सरोकारवालाहरु जिम्मेवार हुन आवश्यक छ । कदंकदाचित शान्ति प्रक्रियाको उपलब्धीलाई संस्थागत गर्न नसकेमा भविष्यमा देशमा पुनः द्वन्द्व भड्कन सक्ने संभावना जिवन्त रहिरहन सक्छ ।

**सवल पक्षहरु**

नेपालको शान्ति प्रक्रिया पूर्णतः संतोषजनक नभएपनि तुलनात्मक रुपमा यसका प्रशस्त सवल पक्षहरु पाउन सकिन्छ । मूलतः प्रत्यक्ष रुपमा नेपालीको नेतृत्वमा सम्पन्न शान्ति प्रक्रियाको सफलताका पछाडी देशको आवश्यकता भएपनि यसलाई संस्थागत गर्नेतर्फ संसदवादी सात राजनीतिक दलहरु र तत्कालिन बिद्रोही ने.क.पा. (माओवादी) का वीचमा लोकतन्त्र तथा शान्तिका निम्ति कार्यगत एकता हुनु महत्वपूर्ण पक्ष रहेको थियो । विभिन्न तहका समस्या तथा असंतुष्टीका वावजुद पनि नेपालको शान्ति प्रक्रिया हालसम्म जिवित अवस्थामा रहनुमा पनि राजनीतिक सहकार्यको महत्वपूर्ण भूमिका रहेको छ । अधिकांस द्वन्द्वउप्रान्त मुलुकहरु शान्ति प्रक्रियाका उपलब्धीहरुलाई संस्थागत गर्न नसकेका कारण पुनः द्वन्द्वमा धकेलिने गरेको अवस्थामा नेपाल यस्ता संभावनाहरु अलिकति भएपनि टाढा रहेको पाइन्छ । शौभाग्य, लोकतन्त्रको लामो अभ्यास नगरेको मुलुक नेपाल कमसेकम निकटकम भविष्यमा द्वन्द्वको भयावहबाट सुरक्षित रहन सक्नुलाई यसको सवल पक्षका रुपमा लिनुपर्दछ ।

नेपालको शान्ति प्रक्रियाका विविध सवल पक्षहरुमध्ये केहीलाई सूचिकृत गर्नुपर्दा वार्ताका सम्पूर्ण तहमा राष्ट्रिय नेतृत्व रहनु, माओवादी पूर्व-लडाकुको व्यवस्थापनको प्रधानमन्त्रीको संयोजकत्वमा गठीत विशेष समितिको

जिम्मेवारी भएपनि आवश्यक थप सहयोग तथा क्याण्टोनमेण्ट अनुगमनका लागि संयुक्त राष्ट्र संघको आगमन तथा माओवादी पूर्व-लडाकुहरुको विना गम्भीर दुर्घटना व्यवस्थापन गर्नु, शान्ति प्रक्रियाका पक्षमा अन्तर्राष्ट्रिय समर्थन जुटाउन सक्नु, राजनीतिक संक्रमण सहज रुपमा हस्तान्तरण गर्न सक्नु, शान्ति वार्ताको उचित व्यवस्थापन तथा समन्वयका अलावा युद्धविराम अनुगमन समितिको गठन, अन्तरिम संविधानजारी, विना कुनै ठूलो अवरोध शान्ति सम्झौतामा हस्ताक्षर र अपूर्ण तथा ढिलासुस्ती भएपनि यसको कार्यान्वयन हुनु, मानवअधिकारको अनुगमनका लागि राष्ट्रिय मानवअधिकार आयोग तथा संयुक्त राष्ट्र संघिय मानवअधिकार उच्चायुक्तको कार्यालयलाई जिम्मेवारी, बिद्रोही शक्ति समेत समाविष्ट अन्तरिम व्यवस्थापिका तथा सरकारको गठन र संविधानसभाको पहिलो निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु, विविध चुनौतिका वावजुद गणतन्त्रको घोषणा र कार्यान्वयनलाई लिन सकिन्छ ।

**कमजोर पक्षहरु**

नेपाली राजनीतिक शक्तिहरुबाट विश्वमा नै मौलिक दावी गरिएको शान्ति प्रक्रियामा प्रारम्भदेखि नै नीतिगत र व्यवस्थापकिय कमजोरीहरु देखिएका थिए । कुनै पनि तहको (राष्ट्रिय तथा अर्न्तराष्ट्रिय) प्रत्यक्ष मध्यस्थता तथा सहजीकरण विना शान्ति प्रक्रियाले निश्चित रुपमा केही हदसम्म सफलता हासील गरेपनि सहमती तथा सम्झौतामा अत्यन्त प्रगतिवादी देखिने नेपाली शान्ति प्रक्रिया कार्यान्वयनका पक्षमा संतोषजनक मान्न सक्ने अवस्था छैन् । शान्ति प्रक्रियालाई सहजरुपमा अवतरण हुन नसक्नुमा नेपालको आन्तरिक कमजोरी नै मुख्य रुपमा दोषी रहेको छ भने यसमा लगातार अवरोध देखिनुमा मूलतः मुख्य राजनीतिक दलहरु र तीनका शीर्ष नेतृत्वहरु जिम्मेवार रहेका छन् ।

नेपालको शान्ति प्रक्रिया कमजोर हुनुमा राजनीतिक शक्तिहरुमा देखिएको विश्वासको संकट, चरम शंकाको दृष्टिकोण, व्यक्तिगत तथा दलीय कुण्ठा र सत्ता संघर्षका कारण शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन मुस्कील भएको हो भने यसमा देखिएका संकटहरुको समाधान पहिल्याउन नसक्नुमा मूलतः राजनीतिक दलहरुमा देखिएको आन्तरिक संघर्ष, कमजोर नेतृत्व तथा उनिहरुको अक्षमता र आपसी अविश्वास तथा टकरावलाई मान्नुपर्ने हुन्छ । साथै यसलाई प्रभावित पार्ने एउटा महत्वपूर्ण कारणमा राजनीतिक दलहरुमा बिद्यमान सत्तामुखी चरित्र र प्रवृत्ति पनि हो । बोलीमा सहमती तथा व्यावहारमा वहुदलीय कार्यशैली, सत्ताप्रतिको लालसा र अस्वस्थ प्रतिष्पर्धा, मुख्य राजनीतिक दलहरुमा बिद्यमान अहङकार र कमजोर मानसिकताले पनि शान्ति प्रक्रियालाई असर पारेको छ । फलतः राजनीतिक शक्ति तथा नेतृत्वमा देखिने आडम्वर र हीनताबोधका वीचमा शान्ति प्रक्रिया फसेको छ ।

शान्ति प्रक्रियाको सफलताका लागि मुख्य राजनीतिक दलहरुका वीचमा सहकार्य आवश्यक छ । बिद्यमान विश्वासको संकट हटाउनु र आपसी मनमुटावको अन्त्य गर्नुको विकल्प छैन् । शान्ति र न्यायका सवालमा पूर्णरुपमा कुनै एक पक्षको जीत वा हारको हुने अवस्था नेपालमा हुन सक्तैन् । सहमतीको दस्तावेजका रुपमा शान्ति सम्झौता भएकाले यसलाई संस्थागत गर्नु र कार्यान्वयनमा उतार्नु प्रमूख राजनीतिक दलहरु तथा तीनका नेतृत्वको जिम्मेवारी हो । केही त्याग र केही लाभको सिद्दान्त अनुरुप देशमा जारी शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ ।

**भावी चुनौतिहरु**

नयाँ संविधानसभाको गठनसंगै शान्ति प्रक्रिया नौलो चरणमा प्रवेश गरेको छ । तथापि राष्ट्रिय सहमतीका नाममा राष्ट्रमा लोकतान्त्रिक शासन पद्दतिका आधारभूत मूल्य तथा मान्यताहरुलाई लत्याउने क्रम अझैं जारी छ । विश्वासको संकट र राजनीतिक ध्रुवीकरणमा कुनै कमी आएको छैन् । विश्वसनिय नेतृत्वको अभाव र उनिहरुको राजनीतिक इच्छाशक्तिको अभावमा नेपालको शान्ति प्रक्रियामा संकट हट्न सकेको छैन् । शान्ति

प्रक्रियाले आशातित प्रगति गर्ने समय गुज्रेमा मुलुकका लागि आगामी दिनहरु थप चुनौतिमूलक हुन सक्दछन् । समष्टीमा राजनीतिक दलहरुमा देखिएको सत्ता तथा शक्तिको स्वार्थ हावी हुन गएमा देशको शान्ति प्रक्रिया जोखिममा पर्न सक्दछ । अन्यथा देशले दीगो शान्ति देखि न्यायपूर्ण समाजको निर्माण र राजनीतिक स्थायित्व देखि भविष्यमा संविधान निर्माण प्रक्रियामा प्रभाव पार्ने निश्चित छ ।

शान्ति सम्झौताको कार्यान्वयनमार्फत् देशमा जारी शान्ति प्रक्रियालाई “तार्किक निष्कर्ष”मा पुऱ्याउने नारा राजनीतिक सौदावाजीको साधन मात्र बन्नु दुर्भाग्यपूर्ण मान्नुपर्दछ । फलतः मुलुकमा हुन पुगेको आमूल राजनीतिक परिवर्तनका वावजुद पनि यसलाई संस्थागत गर्न र मुलुकलाई संकटमुक्त बनाउन कठीनाई भइरहेको छ । द्वन्द्वसंग सम्बन्धित शान्ति सम्झौतामा उल्लेखित मुख्य प्रावधानहरुको एकातिर कार्यान्वयन नभएको र अर्कोतिर यसका मुख्य पक्षधरहरुका वीचमा बढ्दो अविश्वास तथा मनमुटावका कारण शान्ति प्रक्रियामा जटीलता थपिनु स्वभाविक मानिन्छ । शान्ति प्रक्रियाको सफलता यसका पक्षधर तथा राजनीतिक परिवर्तनबाट स्थापित लोकतान्त्रिक शक्तिहरुका वीचमा आपसी र सहकार्यमा निर्भर गर्दछ । समझदारी र सहअस्तित्वको अभावमा शान्ति प्रक्रियाका पक्षधरहरुका वीचमा वैमनस्यता बढ्छ भने कटुतामा बृद्धि हुन्छ । साथमा शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरुमा राजनीतिक इमान्दारिता र इच्छाशक्तिको कमी भएमा त्यस्ता सहमती तथा सम्झौताहरुको कार्यान्वयनमा कठीनाई हुने वास्तविकता सबैका सामू स्पष्ट छ ।

शान्ति प्रक्रियाको सफलता र नयाँ संविधानको जारी एकआपसमा अर्न्तनीहित तथा अर्न्तसम्बन्धित सवालहरु भएकाले देशलाई सुरक्षित रुपमा अवतरण गर्न राजनीतिक दलहरुका वीचमा कार्यगत एकता र सकारात्मक सोच सदैव आवश्यक हुन्छ । वर्तमान राजनीतिक ध्रुवीकरण अन्त्य नभएसम्म र अविश्वासको वातावरण कायम रहेसम्म देशमा अतिवादी, कट्टरपन्थी तथा अलोकतान्त्रिक शक्तिहरुको उदय हुने प्रवल संभावना पनि रहन्छ । लोकतान्त्रिक शक्तिहरुका वीचमा कार्यगत एकता हुन नसकेमा अलोकतान्त्रिक शक्तिहरुको आवाजलाई वैद्यता प्राप्त गर्दछ ।

देशमा शान्ति प्रक्रियालाई सहज रुपमा अवतरण गर्न र दीगो शान्तिका आधारस्तम्भहरु तयार पार्दै द्वन्द्वकालिन सवालहरुको सम्बोधन र द्वन्द्वपीडितहरुलाई न्यायको सुनिश्चितता गर्न हाल देखिएका चुनौतिहरुको सामना गर्नुपर्ने हुन्छ । यसका लागि सर्वप्रथम त्यस्ता चुनौतिहरुको पहिचान गर्नुपर्ने हुन्छ भने सम्बोधनका लागि उपयुक्त वातावरण निर्माण गर्नुपर्ने हुन्छ । वर्तमान परिवेशमा नेपालमा जारी शान्ति प्रक्रियाका चुनौतिहरु सामान्यतया हरेकजजसो द्वन्द्वउप्रान्त समाज तथा नवलोकतान्त्रिक मुलुकहरुले भोगेका छन् । यस्ता चुनौतिहरुको सहजरुपमा सम्बोधन गर्न सकेमा मात्र दीगो शान्तिका लागि उचित वातावरण निर्माण हुन सक्दछ । नेपालको सन्दर्भमा देखिएका चुनौतिहरु मूलतः राजनीतिक, शान्ति सम्झौताको कार्यान्वयन, आर्थिक र सामाजिक सरोकारसंग सम्बन्धित छन् भने यी चुनौतिहरुलाई तत्कालिन र दीर्घकालिन रुपमा वर्गिकरण गरी समाधान खोजिनुपर्ने हुन्छ । उदाहरणका लागि त्यस्ता केही चुनौतिहरुमा शान्ति सम्झौतामा कार्यान्वयन हुन नसकेका प्रावधानहरुको कार्यान्वयन, द्वन्द्वपीडितहरुका लागि न्यायको सुनिश्चिचता र संक्रमणकालिन न्यायिक संयन्त्रको स्थापना, क्षतिग्रस्त भौतिक पूर्वाधारको पुर्ननिर्माण तथा राष्ट्रनिर्माण कार्यको प्रारम्भ, संविधान निर्माण प्रक्रिया गति प्रदान तथा जनसहभागिताको सुनश्चितता, सामाजिक, धार्मिक तथा साम्प्रदायिक सद्भावमा बृद्धि र नागरिक सुरक्षा तथा कानुनी शासनको सवलीकरणलाई लिन सकिन्छ ।

यसैगरी अन्य चुनौतिहरुमा कमजोर शान्ति प्रक्रियाबाट सृजित समस्याहरुलाई उचित रुपमा समाधान, शान्ति सम्झौतामा उल्लेखित अस्पष्ट प्रावधानहरुको सही नियतमा कार्यान्वयन, संघियताको संस्थागत स्वरुप निर्धारण तथा राज्यको पुर्नसंरचना सहजरुपमा निकास ननिस्कनु, कानुन कार्यान्वनमा प्रभावकारिता नआउनु र कानुन कार्यान्वयन निकायहरुलाई सवल पार्न नसक्नुलाई लिन सकिन्छ । साथै, देशमा सानो संख्यामा, तर न्यून

चापमा भएपनि अझैंपनि सक्रिय सशस्त्र वा अपराधिक समुहका गतिविधिहरु, साना तथा गैरकानुनी हतियारको उपलब्धता तथा प्रयोग, पूराना कानुनको संसोधन तथा नयाँ कानुन जारी र तीनको समान रुपमा कार्यान्वयन, कानुनी शासन तथा सुरक्षा संयन्त्रसम्बन्धी पूर्वाधारको विकासलाई लिन सकिन्छ । यसका अलावा राजनीतिक पक्षसंग बढी सम्बन्धित चुनौतिहरुमा राष्ट्रनिर्माण प्रक्रिया आरम्भ, राष्ट्रिय मेलमिलापको वातावरण निर्माण, द्वन्द्व प्रभावित यवा तथा बालबालिकामा मनोबैज्ञानिक प्रभावहरुको सम्बोधन, संघियता विषयमा जातीयता, पहिचान र रेखाङ्कनका नाममा देखिएका मतभिन्नताहरुको सम्बोधन, अयोग्य घोषित तथा पुर्नस्थापित माओवादी पूर्वलडाकुहरुका गतिविधिहरुको अनुगमन र शान्ति सम्झौताको सही रुपमा व्याख्या तथा कार्यान्वयनमा सहकार्यलाई लिनुपर्ने हुन्छ ।

**समाधानका उपायहरु**

राजनीतिक शक्तिहरुका वीचमा बिद्यमान बढ्दो अविश्वास तथा मतभेदको अन्त्य र सत्ता केन्द्रीत राजनीतिबाट टाढा रहन सकेमा शान्ति प्रक्रियालाई परिणामुखी बनाउन सम्भव हुन्छ । द्वन्द्व सृजना हुनाका कारक पक्षहरुको सम्बोधन नभएसम्म र शान्ति सम्झौताका उल्लेखित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन नभएसम्म दीगो शान्तिको परिकल्पनालाई साकार पार्न असम्भव हुन्छ । विडम्वना सैद्दान्तिक रुपमा अत्यन्त मार्गदर्शक मानिएको नेपालको शान्ति प्रक्रिया व्यावहारिक रुपमा कमजोर मानिन्छ । शान्ति सम्झौतामा द्वन्द्व रुपान्तरण तथा न्यायपूर्ण शान्तिका लागि आवश्यक सबैजसो महत्वपूर्ण प्रावधानहरु समावेश गरेर विश्वमा नेपाल प्रतिवद्धताका सवालमा उदाहरणीय बनेपनि कार्यान्वयन पक्ष दुर्वल रहेको छ । तसर्थ शान्ति प्रक्रियाको सफलता सम्झौतामा उल्लेखित प्रावधानहरुबाट नभई त्यसको व्यावहारमा देखापर्ने कार्यान्वयनमा निर्भर गर्दछ ।

शान्ति सम्झौतामा संलग्न द्वन्द्व निवारणसंग सम्बन्धित सवालहरुको सम्बोधन नभएसम्म र भविष्यमा पुनः द्वन्द्व सृजना हुनसक्ने संभावित कारकहरुको पहिचान गर्दै त्यसको सम्बोधनका लागि उपयुक्त आधार तथा वातावरण तयार नगरेसम्म शान्ति प्रक्रियालाई टुङगोमा पुऱ्याउन सकिदैन् । नेपालको सन्दर्भमा आवश्यकता र बाध्यताका वीचमा प्रारम्भ भएको शान्ति प्रक्रिया र यसको परिणामस्वरुप सृजित विस्तृत शान्ति सम्झौता भावनात्मक दस्तावेज भएपनि यसको सफल कार्यान्वयनका लागि तत्कालिन, अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन रणनीतिहरु बनाउनुपर्ने हुन्छ । अन्यथा शान्ति सम्झौता खोक्रो कागजमा सिमित रहने संभावना रहन्छ ।

शान्ति सम्झौताको सफल कार्यान्वयन र शान्ति प्रक्रियाको सहज अवतरणका लागि सर्वप्रथम दीर्घकालिन सोच भएको राजनीतिक नेतृत्व आवश्यक हुन्छ भने कतिपय अवस्थामा दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाजस्ता सर्वस्वीकार्य नेताको समस्त प्रक्रियामा उपस्थिती जरुरी हुन्छ । साथै समाधानका अन्य उपायहरुमा राजनीतिक इच्छाशक्तिमा बृद्धि तथा राजनीतिक स्पष्टताको आवश्यकता हुन्छ भने शान्ति प्रक्रियाको सहज अवतरणका लागि राजनीतिक श्वेतपत्र जारी गर्नुपर्ने हुन्छ र यसको सहजीकरणका लागि स्वतन्त्र विशेषज्ञ सहितको सहजकर्ता समूह गठन गर्नुपर्ने हुन्छ । शान्ति प्रक्रियासंग सम्बन्धित नभएपनि दीगो शान्ति तथा सम्बृद्ध लोकतान्त्रिक पद्दति स्थापनाका लागि देशमा बिद्यमान निर्वाचन पद्दतिमा आमूल सुधार, राजनीतिक दलहरुमा आन्तरिक लोकतन्त्रको अभ्यासमा बृद्धि, राज्यको पुर्नसंरचनामा स्पष्टता आउनुपर्ने र स्वीकार्य सहमतीको खोजी गरिनुपर्ने, समस्त शान्ति प्रक्रियाको सहजीकरणका लागि शान्ति मन्त्रालय प्रशासनिक संयन्त्रमा अड्केका कारण प्रभावकारी विकल्पको व्यवस्था हुनुपर्ने, श्रोतको विनियोजनमा राष्ट्रिय योजना आयोगका गतिविधिहरु शान्तिनिर्माणमा केन्द्रीत हुनुपर्ने, शान्ति तथा लोकतन्त्रका सवालमा स्थानीय तहमा संवाद तथा छलफल हुनुपर्ने, निर्वाचित स्थानीय निकायलाई चलायमान बनाइनुपर्ने, र सरकारी सेवामा प्रभावकारिता ल्याउनुपर्ने हुन्छ ।

यसैगरी दोस्रो संविधानसभा निर्वाचनको प्रक्रिया भन्दा वाहीर रहेका राजनीतिक शक्तिहरुलाई समेट्नुपर्ने, संविधानसभालाई सार्वभौम अधिकारको अभ्यास गर्न दिइनुपर्ने, राष्ट्रिय मूल नीति तथा सुरक्षा रणनीति तत्काल पारित गरिनुपर्ने, सुरक्षा तथा न्यायको अराजनीतिकरण गर्नुपर्ने र सुरक्षालाई अनुत्पादक क्षेत्रबाट उत्पादकमा परिणत गरी राष्ट्रिय मूलधारमा ल्याई प्राथमिकीकरण गर्नुका साथै नागरिक सुरक्षा तथा कानुनी शासनसंग प्रत्यक्ष रुपमा सम्बन्धित नेपाल प्रहरीको स्वायत्तता सुनिश्चित गर्दै जवाफदेही बनाउनुपर्ने, आर्थिक विकास तथा समुन्नती र गरीवी निवारणका योजनाहरु तयार गरिनुपर्ने, परम्परागत रुपमा बिद्यमान असमानता, विभेद तथा कुरीतीको अन्त्य हुनुपर्ने, सुशासनमा जोड दिइनुपर्ने जस्ता कार्यहरुको प्रारम्भबाट संभावित द्वन्द्वको अन्त्यका आधारहरु तयार गर्न सकिन्छ ।

शान्ति सम्झौताको कार्यान्वयन र सहज अवतरण हुन सकेमा नयाँ संविधानको घोषणा, दीगो लोकतान्त्रिक शासन पद्दतिको संस्थागत विकास, राष्ट्रिय मेलमिलापको वातावरण निर्माण, भौतिक पूर्वाधारहरुको पुर्ननिर्माण तथा विकास, आर्थिक समुन्नती तथा रोजगारीको अवसरको सृजना गर्न, सुशासनका आधारहरु तयार गर्न, द्वन्द्वपीडितका लागि न्यायको सुनिश्चितता र न्यायमा पहुँचको वातावरण निर्माण गर्न, संक्रमणकालिन न्यायिक संयन्त्रको स्थापनाका अलावा संस्थागत सुधारका पहलहरु प्रारम्भ गर्न सहज हुनेछ । तसर्थ दीगो शान्तिका लागि आधारहरु निर्माणका लागि तत्कालिन तथा दीर्घकालिन रणनीतिहरु बनाउन जरुरी हुन्छ ।

तत्कालिन रणनीतिहरुलाई पनि सामाजिक (शान्ति शिक्षाको प्रवर्द्धन, सामुदायिक तथा धार्मिक सद्भाव कार्यक्रम, सामाजिक हिलिङ प्रक्रिया तथा समूहगत मनोपरामर्श कार्यक्रम संचालन, सामाजिक कुरीती तथा भेदभावजन्य व्यवहार अन्तयसम्बन्धी कार्यक्रम), राजनीतिक (खुल्ला तथा इमान्दारी संवादका माध्यमबाट समस्याको समाधानको थालनी, चलायमान तथा जवाफदेही सरकारको स्थापना, असहमत राख्ने राजनीतिक समुहसंग वार्ताको थालनी, महिला तथा अल्पसंख्यक जस्ता पछाडी पारिएका समूदायको उचित प्रतिनिधित्व), आर्थिक (सीपमूलक तथा व्यावसायिक शिक्षा, आयमूलक कामका लागि राष्ट्रिय रणनीति, रोजगारी प्रवर्द्धनका लागि आर्थिक सहयोग कार्यक्रम, अल्पसंख्यक तथा पछाडी पारिएका समूदायका लागि विशेष आर्थिक सहयोग कार्यक्रम, साना उद्योग तथा आयमूलक कामका लागि आर्थिक सहायता कार्यक्रम) र सुशासन (कानुनमा सुधार, संस्थागत सुधार, सुरक्षा तथा न्याय क्षेत्रलाई प्राविधिक तथा पूर्वाधार किवाय सहायता, पर्याप्त सुपरिवेक्षण निकायका स्थापना र स्थानीय लोकतन्त्रको अभ्यास तथा निकायको सक्रियता) का रुपमा विभाजन गरी समयतालिका बनाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ ।

यसैगरी दीर्घकालिन रणनीतिहरुमा सहजकर्ताहरुको स्थायी संरचना स्थापना र स्थायी शान्ति आयोगको स्थापना, ग्रामीण तथा पछाडी पारिएका समूदायलाई लक्षित गरी दीर्घकालिन राष्ट्रनिर्माण रणनीतिको निर्माण, सम्वाद तथा छलफलमा विश्वास गर्ने चलायमान लोकतान्त्रिक समाजको निर्माण, साना हतियारका अलावा संगठीत तथा अर्न्तदेशीय अपराध नियन्त्रणका लागि विस्तृत रणनीति, राजनीतिक सहमतीको निर्माण, असन्तुष्ट राजनीतिक समुहहरुसंग वार्ता, कानुन कार्यान्वयनमा प्रभावकारिता, आर्थिक विकास रणनीतिको निर्माण, संक्रमणकालिन न्यायसम्बन्धी संयन्त्रको निर्माण जस्ता सवाललाई समावेश गर्न सकिन्छ ।

**निष्कर्ष**

शान्ति प्रक्रियालाई समयमा सुरक्षित अवतरण गराउन नसकेमा देशमा थप जटीलता आउनेछ र वर्तमान सत्ता केन्द्रित ध्रुवीकरणले प्राथमिकता पाउँदै गएमा देशमा गम्भीर राजनीतिक संकटको अवस्था आउन सक्नेछ । वर्तमान संकट निवारणको आधारभूत विकल्प देशका प्रमूख राजनीतिक शक्तिहरुका वीचमा न्यूनतम समझदारी, आपसी सहकार्य र सहमतीको राजनीति आवश्यक हुन्छ । परिणामस्वरुप शान्ति प्रक्रियालाई

निष्कर्षतफ उन्मुख गराउन सकिन्छ भने संविधान लेखन प्रक्रियालाई सफलतापूर्वक सहजरुपमा सम्पन्न गर्न संभव हुन्छ ।

शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राजनीतिक स्पष्टता आवश्यक हुन्छ । यसका लागि शान्ति सम्झौतामा उल्लेखित प्रावधानहरुको सही रुपमा व्याख्या गर्ने र कार्यान्वयनमा ल्याउने राजनीतिक सदिच्छा अर्को महत्वपूर्ण पाटोका रुपमा चिनिन्छ । शान्ति प्रक्रियाको जग राजनीतिक दल तथा नेतृत्वमा हुने उदारता, खुलापन र समस्या समाधानका लागि आवश्यक प्रक्रियाको पारदर्शितामा निर्भर गर्दछ । शान्ति प्रक्रियाको भविष्य शान्ति प्रक्रियाका पक्षधरहरुको हस्ताक्षरित शान्ति सम्झौता लगायत अन्य राजनीतिक सहमतीहरुको कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति महत्वपूर्ण आधार मानिन्छ ।

शान्ति प्रक्रियाको सफलता वा असफलता देशका राजनीतिक नेतृत्व विशेषतः शान्ति प्रक्रियामा संलग्न पक्षहरुको सक्रियता, इमान्दारिता र सम्झौतामा उल्लेखित प्रावधानहरुको कार्यान्वयनमा देखाइने इच्छाशक्ति तथा सक्रियतामा निर्भर गर्दछ । राजनीतिक शक्तिहरुले आफ्ना प्रतिवद्धताहरु कार्यान्वयन गर्ने सवालमा इमान्दारिता नदेखाएसम्म र उनिहरु सक्रिय नभएसम्म शान्ति प्रक्रिया सकारात्मक दिशातर्फ उन्मुख हुन सक्तैन् । तर नेपालमा शान्ति प्रक्रियाका पक्षधरहरुका वीचमा देखिएको अविश्वास र अर्कमण्यताको परिणाम नेपाली समाज पुनः द्वन्द्वउप्रान्त समाजमा देखापर्ने अपराध तथा हिंसाको शिकार हुन पुग्ने संभावना रहन्छ ।

सहकार्यबाट प्रारम्भ भएको शान्ति प्रक्रिया राजनीतिक दलहरुका वीचमा बढ्दो अविश्वास र सत्ता स्वार्थका कारण वैमनश्यताताको शिकार हुन पुग्नु दुःखद पक्ष हो । राजनीतिक दलहरुका वीचमा देखिने मतभिन्नता तथा तनावका कारण राजनीतिक अनिश्चितता सृजना हुन सक्दछ छ भने आम नागरिकको दीगो एवम् न्यायपूर्ण शान्तिका चाहना पनि संकटमा फसेको छ । नेपालको शान्ति प्रक्रिया सकारात्मक दिशातर्फ उन्मुख भएको आभास गरिएपनि सक्षम नेतृत्वको अभाव र शान्ति सम्झौताको कमजोर कार्यान्वयनका कारण गम्भीर मोडमा उभिएको छ । शान्ति प्रक्रियाको सफलताको मापन शान्ति सम्झौतामा उल्लेखित प्रावधानहरुको कार्यान्वयन र कार्यान्वयन प्रक्रियामा जनसहभागिताको स्तर मूल्याङकन गर्नुपर्ने हुन्छ । सिमान्तीकृत समूदाय तथा सरोकारवाला आमनागरिकको राष्ट्रनिर्माण जस्तो महत्वपूर्ण प्रक्रियामा सहभागिता सुनिश्चित हुन नसकेमा राज्यको शान्ति निर्माणको प्रयास तथा शान्ति सम्झौता कार्यान्वयन गर्ने अठोट प्रभावकारी नहुने प्रवल संभावना रहन्छ ।

शान्ति प्रक्रियाले दीगो तथा न्यायपूर्ण शान्ति स्थापनाको उद्देश्य राखेको हुन्छ । न्याय विनाकृ शान्ति अपूर्ण हुन्छ र दीगो शान्ति स्थापना गर्न असमर्थ भएको अवस्थामा द्वन्द्वप्रान्त मुलुकहरुमा हिंसा भड्कन सक्ने खतरा रहन्छ । यसकारण दीगो तथा न्यायपूर्ण शान्तिसंग सम्बन्धित सवालहरुको उपयुक्त समयमा प्रभावकारी रुपमा सम्बोधन गरिनुपर्दछ ।

## सन्दर्भ सामाग्रीहरु

*नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरुको संकलन (बाह्र बुंदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत)* । नेपाल सरकार शान्ति तथा पुर्नस्थापना मन्त्रालय । काठमाडौं: २०६९ असार http://peace.gov.np/uploads/files/Shahamati_Samjhauta.pdf

*विस्तृत शान्ति सम्झौता पछि भएका सम्झौता तथा सहमतिहरुको संकलन* । नेपाल सरकार शान्ति तथा पुर्नस्थापना मन्त्रालय । काठमाडौं: २०६९ असार

बुढाथोकी, शोभाकर । *नेपालमा शान्ति प्रक्रियाका चुनौति* । प्राची (पेज १३ - १६), इन्सेक । काठमाडौंः २०७० जेठ

उप्रेती, विष्णुराज, टपरविन, निकोल र हेइनिगर, मार्कुस । *नेपालमा शान्ति प्रक्रिया र संघीयताः अनुभव, चिन्तन र सिकाइ* । एनसिसिआर नर्थ-साउथ । काठमाडौंः २०६६

Dress, Tobi P. *Designing A peacebuilding Infrastructure: Taking a Systems Approach to the Prevention of Deadly Conflict.* United Nations. New York: 2005

Crocker, Chester A., Hampson, Fen Osler and Pamela All. *Turbulent Peace: The Challenges of Managing International Conflict.* United States Institute of Peace Press. Washington D.C.: 2001

Saunders, Harold H. *Public Peace Process: Sustained Dialogue to Transform Racial and Ethnic Conflicts.* Palgrave. New York: 2001

Budhathoki, Shobhakar. *Transitional Justice in Post-conflict Countries.* Informal (pg. 17 – 24), INSEC. Kathmandu: July – September 2009